# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२२१ बारा, २०८३ असोज १७ गते शनिबार / सप्तमी / नेपाल संवत् ११४६ / Saturday, October 3 2026 / पृष्ठ ४ /मूल्य रू. ५/- पाँच


## चोरीआरोपमा जीतपुर बजारबाट एक किशोर पक्राउ



जीतपुर,१६ असोज/बाराको जीतपुरसिमरा उपमहानगरपालिका( ७ पाडा बजारमा पसल चोरी भएको घटनामा प्रहरीले एक १४ वर्षीय किशोरलाई नियन्त्रणमा लिएको छ।

इलाका प्रहरी कार्यालय जीतपुरबाट प्रहरी सहायक निरीक्षक विष्णुहरि घिमिरेको कमाण्डमा खटिएको गस्ती टोलीले बुधबार राति करिब १:३० बजे जीतपुरसिमरा( ६ का ती किशोरलाई पाडा बजारको पूर्वतर्फको सर्भिस लेनमा शंकास्पद अवस्थामा नियन्त्रणमा लिएको हो।

प्रहरीका अनुसार बकुलियाबाट जीतपुर चोकतर्फ जाँदै गरेका किशोरलाई चेकजाँच गर्दा उनको साथबाट १७ हजार ३ सय रुपैयाँ नगद तथा विभिन्न सामग्री बरामद भएको थियो।

बरामद नगदमा ५०० दरका ३ थान, १०० दरका ९१ थान, ५० दरका ९० थान, २० दरका ५९ थान, १० दरका ८२ थान र ५ दरका ४४ थान नोट रहेको प्रहरीले जनाएको छ।

त्यसैगरी उनको साथबाट एक थान पुलास, एक थान रिन्च, मोबाइल चार्जरको टाउको, एक थान ब्लुटुथ र दुई प्याकेट सिन्कासमेत बरामद भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार जीतपुरका शम्भु साहले सञ्चालन गर्दै आएको 'संगम कोल्ड ड्रिम्स' पसलमा जस्ताको छानो हटाएर चोरी भएको थियो। प्रारम्भिक अनुसन्धानमा पसलको छानोमा चढेर करिब ८ फिट लम्बाइ र ३ फिट चौडाइको जस्ता हटाई पसलभित्र प्रवेश गरी नगद तथा सामान चोरी गरिएको खुलेको प्रहरीले जनाएको छ।

चोरीको घटनासँग सम्बन्धित सामग्री किशोरको साथबाट बरामद भएपछि उनलाई अनुसन्धानका लागि

बाँकी तेश्रो पेजमा

## ठोरी अस्पताल भवन अधुरै छाडेर भुक्तानी लिने ठेकेदारमाथि अख्तियारद्वारा छानबिन सुरु

वीरगञ्ज, १६ असोज/पर्साको ठोरी गाँउपालिका वडा नम्बर १ गौतमनगरमा ठोरी अस्पतालको भवन निर्माण नहुदैं निर्माण कम्पनि (ठेकेदार) लाई गाँउपालिकाको कार्यालय भुक्तानी दिएको बारेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबनि थालेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हेटौंडास्थित कार्यालयबाट आएको टोलीले निर्माणाधि अस्पतालको स्थलगत निरीक्षण गरेको थियो। त्यसलगत्तै गाँउपालिकाको कार्यालयमै पुगेर अख्तियारको टोलीले अस्पताल निर्माणसम्बन्धि सम्पूर्ण कागजातसहितको फाइल नियन्त्रणमा लिएर गएको प्रमुख प्रशासकीय अधिकृत सरोजकुमार चौधरीले जानकारी दिनुभयो। अनुसन्धानका लागि अख्तियारको टोलीले फाइल लिएर गएको उहाँले बताउनुभयो।

ठोरी( १ गौतमनगरमा १५ शैयाको ठोरी अस्पतालको भवन निर्माणका लागि ठोरी गाँउपालिकाको कार्यालय र राजेन्द्र निर्माण सेवा प्रालि डडेल्धुराबीच २०७८ साल बैशाख २१ गते सम्झौता भएको थियो। उक्त भवन १७ करोड ४२ लाख रुपैयामा निर्माण गरी गाँउपालिकालाई हस्तान्तरण गर्ने गरी ठेकेदार कम्पनिले साकार गरेको सम्झौतापत्रमा उल्लेख



गरिएको थियो।

तर सम्झौता अवधिभित्र काम नसकिएपछि फेरि दुवै पक्षबीचको सम्झौतामा निर्माण समयावधि २०८२ फागुन ३ गतेसम्मका लागि थपिएको थियो।तर अहिलेसम्म पनि भवन निर्माणको काम ठेकेदार कम्पनिले पुरा गरेको छैन। हालसम्म भवन निर्माणको काम करिब ७० प्रतिशतमात्रै सकिएको अवस्था छ। भवन निर्माणको काम नसकिएको भएपनि गाँउपालिकाको कार्यालयले उक्त ठेकेदार कम्पनीलाई १५ करोड ६० लाख रुपैयाँ भने भुक्तानी गरिसकेको खुलासा पनि भएको छ।

यसबारेमा उजुरी परेपछि अख्तियारले अस्पताल भवन निर्माणसम्बन्धि सबै फाइल गाँउपालिकाको कार्यालयबाट नियन्त्रणमा लिएर अनुसन्धान थालेको हो।

यता गाँउपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले भने २०८२ फागुन ३ गतेभित्रै भवनको काम सकेर गाँउपालिकालाई हस्तान्तरण गर्ने गरी सम्झौता गरिएको भएपनि भवन अझै अधुरो नै रहेको बताउनुभएको छ। उहाँले भवन निर्माणको ठेक्का सकारेको ठेकेदारले भवन अलपत्र पारेर छाडेको बताउनुभयो। भवन निर्माणको काम अलपत्र पारेर ठेकेदार पक्ष सम्पर्क बिहिन रहेको उहाँले बताउनुभयो।

## ठोरीमा हात्ती आतङ्क: दुई जना घाइते, घर र बालीनालीमा क्षति



वीरगञ्ज, १६ असोज/पर्साको ठोरी गाउँपालिका( ४ मा पर्सा राष्ट्रिय निकुञ्जबाट गाउँ पसेको हात्तीले आतङ्क मच्चाएको छ। कुसुमवाटिका मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष बुद्ध पाख्रिनका अनुसार बिहिवार राति मात्रै दुई पटक गाउँ छिरेको सो हात्ती अत्यन्तै उग्र र आक्रामक अवस्थामा देखिएको छ। रातिको समयमा हात्ती सिधै घरतर्फ आएपछि सुरक्षाका लागि भाग्ने क्रममा ठोरी(४ का ७२ वर्षीया पाँचमाया स्याङ्बो र उनकी नातिनी घाइते भएका छन्। हात्तीले पछ्याउँदै ल्याएपछि छिमेकीको घरमा पस्न खोज्दा हात्तीले सोही घरको पाली नै फाल्दा उनीहरू घाइते भएको अध्यक्ष पाख्रिनले जानकारी दिनुभयो।

आक्रामक बनेको हात्तीले स्थानीयको एउटा घर भत्काउनुका साथै भण्डारण गरेर राखिएको खाद्यान्न र खेती गरिएको उखुबालीमा समेत ठूलो क्षति पुऱ्याएको छ।

## रौतहटको कटहरियामा बालिकामाथि जबरजस्ती करणी प्रयास

रौतहट, १६ असोज/रौतहटको कटहरियामा पाँच वर्षीया बालिकालाई जबरजस्ती करणीको प्रयास गरेको आरोपमा स्कुल बसका सहचालकविरुद्ध मुद्दा दर्ता भएको छ।

कटहरिया नगरपालिका( ५ का २२ वर्षीय सर्विन यादवविरुद्ध बिहीबार इलाका प्रहरी कार्यालय गरुडामा जाहेरी परेपछि प्रहरीले जबरजस्ती करणी उद्योगसम्बन्धी मुद्दा दर्ता गरेको हो।

यादवलाई रौतहट जिल्ला अदालतबाट पाँच दिनको म्याद लिएर अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय गरुडाका डीएसपी शंकरप्रसाद आचार्यले जानकारी

बाँकी तेश्रो पेजमा

## कलैयाको होटलबाट तीन महिलासहित एक पुरुष नियन्त्रणमा



कलैया, १६ असोज/बाराको कलैयास्थित विभिन्न होटलमा अवैध यौन व्यवसाय सञ्चालन भइरहेको सूचनाका आधारमा प्रहरीले एक होटलबाट तीन महिलासहित एक पुरुषलाई नियन्त्रणमा लिएको छ।

बसपार्क प्रहरी चौकीका इन्चार्ज बिमलेश यादवको कमाण्डमा खटिएको प्रहरी टोलीले कलैया उपमहानगरपालिका( १४ स्थित एक होटलमा छापा मारेर उनीहरूलाई नियन्त्रणमा लिएको हो।

प्रहरीका अनुसार होटलमा अवैध यौन गतिविधि भइरहेको सूचनाका आधारमा निगरानी तथा जाँच गर्ने क्रममा उनीहरूलाई नियन्त्रणमा लिइएको हो। नियन्त्रणमा लिइएकामाथि आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

घटनाबारे थप विवरण तथा उनीहरू संलग्न गतिविधिबारे अनुसन्धानपछि मात्रै स्पष्ट हुने प्रहरीले जनाएको छ।

## बारामा एक सय ५५ किलो लागूऔषध गाँजासहित कार चालक पक्राउ



सिमरा, १६ असोज/बाराको जीतपुरसिमरा उपमहानगरपालिका( ८ इमलीप्रतिबाट प्रहरीले ठूलो परिमाणको लागूऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा जिल्ला मकवानपुर राक्सिराङ गाउँपालिका( १ का २८ वर्षीय अम्बिर डिम्डुङ रहेका छन्।

मनहरीबाट वीरगञ्जतर्फ जाँदै गरेको बा.१३ च ४७३४ नम्बरको कारलाई शुक्रवार बिहान प्रहरीले नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय सिमरा ल्याई जाँच गरेको थियो। जाँच

बाँकी तेश्रो पेजमा

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

### नागरिक सुरक्षामा शून्य सहनशीलता र शान्ति सुरक्षाको खाँचो

कलैयास्थित जिल्ला प्रहरी कार्यालयको निरीक्षणका क्रममा बाराका प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीले दिनुभएको कडा निर्देशन वर्तमान परिप्रेक्ष्यमा अत्यन्तै सान्दर्भिक र स्वागतयोग्य कदम हो ।

शान्ति सुरक्षा राज्यको पहिलो सर्त हो र नागरिकको जीवन रक्षा गर्नु राज्यको दायित्व होपछिल्लो समय समाजमा शान्ति सुरक्षा खलबलिने, छिटपुट अपराध तथा तस्करी जस्ता अवैध गतिविधिहरू बढ्ने जोखिम सधैं रहन्छ । यस्तो अवस्थामा प्रमुख जिल्ला अधिकारी अधिकारीले नागरिकको सुरक्षामा कुनै पनि हालतमा सम्झौता नगर्नु भनी प्रहरी प्रशासनलाई सचेत गराउनुले प्रशासनिक दृढता झल्काएको छ ।

यसले एकातिर सुरक्षाकर्मीहरूलाई आफ्नो कर्तव्यप्रति अझ बढी जिम्मेवार बढाउन प्रेरित गर्छ भने अर्कोतर्फ आम नागरिकमा राज्यको उपस्थितिको अनुभूति गराउँछ।निर्देशन दिनु मात्र ठूलो कुरा होइन, त्यसको जमीनमा व्यावहारिक कार्यान्वयन हुनुपर्छ ।

प्रहरी प्रशासनले राजनीतिक दबाव वा अन्य प्रलोभनभन्दा माथि उठेर निष्पक्ष रूपमा कानुनको पालना गराउनुपर्छ । जबसम्म सुरक्षा निकाय र प्रशासनबीच बलियो समन्वय हुन्छ, तब मात्र वास्तविक सुशासन र शान्ति कायम हुन सक्छ । तसर्थ, प्रजिअको यो निर्देशन केवल औपचारिकतामा सीमित नभई बारा जिल्लालाई अपराधमुक्त, सुरक्षित र शान्त बनाउने अभियानको बलियो आधार बन्नुपर्दछ ।

तर, नेपालको प्रशासनिक र सुरक्षा संयन्त्रमा निर्देशन दिने परिपाटी नौलो होइन; मुख्य चुनौती त्यसको व्यावहारिक कार्यान्वयन र निरन्तरतामा देखिँदै आएको छ । तसर्थ, यो निर्देशन केवल एउटा औपचारिक निरीक्षणको गफमा सीमित नभई, बारा जिल्लाको सीमा सुरक्षा, सम्भावित तस्करी नियन्त्रण र आम नागरिकले महसुस गर्न सक्ने गरी शान्ति सुरक्षामा ठोस परिवर्तन ल्याउने कडी बन्नुपर्छ ।



किस्ताबन्दिमा आफूले खरिद गर्न चाहेको सामानहरू खरिद गर्दा ग्राहकले ४० प्रतिशत सुरुमा डाउन पेमेन्ट गर्नु पर्छ र बाँकी रकमको १२ महिना भित्र तिर्नु पर्ने छ । रकम तिर्दा ब्याज लाग्ने छैन तर सुरुमा रु.१००/- को शेयर रकम बापत लाग्नेछ । किस्ताबन्दिमा सामान लिदा ग्राहकको नागरिकताको प्रतिलिपी १ थान र फोटो २ थान चाहिन्छ । ग्राहकले बाँकी रकमको १ चेक १ बर्षको भाखा राखि दिनु पर्नेछ ।

# विपत्तिपछिको अर्थतन्त्र




डा. श्रीमणिराज खनाल

प्राकृतिक विपत्ति आउँदा पहिलो क्षति मानवीय जीवनमा देखिन्छ, त्यसपछि भौतिक संरचनामा । यसको वास्तविक असर भने त्यसभन्दा धेरै परसम्म पुग्छ । एउटा पुल भत्किँदा एउटा संरचना मात्र ढल्दैन, बजारसँगको सम्बन्ध टुट्छ । सडक अवरुद्ध हुँदा उत्पादन थन्किन्छ, रोजगारी प्रभावित हुन्छ र राज्यको राजस्व घट्छ । विद्युत् आयोजना क्षतिग्रस्त हुँदा उत्पादन, उद्योग, लगानी र व्यापारमा समेत असर पर्छ । यस अर्थमा प्राकृतिक विपत्ति अन्ततः आर्थिक विपत्ति पनि हो । हालै त्रिशूली र भोटेकोशी नदी क्षेत्रमा देखिएको विनाश तथा हिमाली क्षेत्रमा भएका भौगर्भिक घटनाले नेपाललाई यही कठोर यथार्थसँग पुनः साक्षात्कार गराएको छ । घर, बस्ती, सडक, पुल, विद्युत् आयोजना, व्यापारिक मार्ग र उत्पादनका संरचनामा पुगेको क्षतिले तत्कालीन राहत र उद्धारसँगै दीर्घकालीन आर्थिक पुनरुत्थानको प्रश्नसमेत उठाएको छ । विपत्तिको प्रत्यक्ष क्षति केही समयपछि देखिन छाडे पनि त्यसको आर्थिक असर बर्षौंसम्म रहन सक्छ । अबको चुनौती क्षतिग्रस्त संरचना पुनर्निर्माण गर्नु मात्र होइन; त्यससँगै प्रभावित परिवारको रोजगारी, उत्पादन, व्यापार र आयलाई पुनर्स्थापित गर्नु हो । त्यसैले विपत्तिपछिको अर्थतन्त्रलाई कसरी अघि बढाउने भन्ने विषयमा सरकारको निर्णय दूरगामी महत्वको हुन्छ ।

राहतपछि पुनरुत्थान

विपत्तिपछि सरकारको पहिलो दायित्व नागरिकको जीवन रक्षा हो । उद्धार, खाद्यान्न, खानेपानी, औषधी, अस्थायी आवास र सुरक्षाको व्यवस्था तत्काल हुनु पर्छ । प्रभावित परिवारलाई राज्यले साथ दिएको अनुभूति दिलाउनु पनि उत्तिकै आवश्यक छ । सङ्कटको समयमा राज्यको उपस्थिति कमजोर भयो भने नागरिकमा असुरक्षा र निराशा बढ्न सक्छ तर राहत र पुनरुत्थान एउटै विषय होइनन् । राहतले नागरिकलाई तत्काल सङ्कटबाट जोगाउँछ भने पुनरुत्थानले उसको आर्थिक जीवनलाई पुनः गतिशील बनाउँछ । त्यसैले विपत्तिपछिको रणनीति राहतमा मात्र सीमित हुनु हुँदैन । राहतपछि पुनर्स्थापना, पुनर्निर्माण र आर्थिक पुनरुत्थानको स्पष्ट चरणबद्ध योजना आवश्यक हुन्छ । यस क्रममा स्थानीय समुदायको आवश्यकता र सहभागितालाई पनि प्राथमिकता दिनु पर्छ । केन्द्रबाट बनाइएको एउटै ढाँचाको कार्यक्रम सबै प्रभावित क्षेत्रका लागि समान रूपमा प्रभावकारी नहुन सक्छ । भौगोलिक अवस्था, स्थानीय उत्पादन, रोजगारीको प्रकृति र जोखिमको स्तर अनुसार पुनर्स्थापनाको योजना फरक हुन सक्छ ।

लोकप्रिय निर्णयको सीमा

विपत्तिको समयमा प्रभावित नागरिकलाई तत्काल सहायता दिन सरकारमाथि दबाब हुन्छ । नगद सहायता, ऋण मिनाहा, कर छुट वा विभिन्न राहत कार्यक्रम घोषणा गर्दा तत्काल सकारात्मक प्रतिक्रिया आउन सक्छ तर राज्यको आर्थिक स्रोत असीमित हुँदैन । विपत्तिले कमजोर बनाएको अर्थतन्त्रमा अनुत्पादक खर्च थपिँदै जाँदा सार्वजनिक ऋण, राजस्व र विकास बजेटमा दबाब पर्न सक्छ । त्यसैले राहतमा उदारता आवश्यक भए पनि आर्थिक निर्णयमा अनुशासन अपरिहार्य हुन्छ । लोकप्रिय निर्णयको अर्को जोखिम स्रोतको गलत प्राथमिकता हो । राजनीतिक दबाब वा सार्वजनिक आकर्षणका कारण आवश्यकताभन्दा बढी स्रोत कुनै क्षेत्रमा केन्द्रित भयो भने बढी जोखिममा रहेका तर कम राजनीतिक पहुँच भएका क्षेत्र उपेक्षित हुन सक्छन् । यसले असमानता बढाउन सक्छ । यसको अर्थ पीडितलाई सहयोग नगर्ने होइन । वास्तविक रूपमा प्रभावित परिवार, व्यवसाय र उत्पादनशील क्षेत्रलाई लक्षित सहयोग उपलब्ध गराउनु सबैलाई समान छुट दिनुभन्दा प्रभावकारी हुन्छ ।

प्राथमिकतामा पुनर्निर्माण

विपत्तिबाट क्षतिग्रस्त सबै संरचना एकै पटक निर्माण गर्ने प्रयास व्यवहारतः सम्भव हुँदैन । सीमित स्रोतलाई उच्च प्राथमिकताका क्षेत्रमा केन्द्रित गर्नु पर्छ । मानिसको जीवनसँग प्रत्यक्ष सम्बन्ध भएका स्वास्थ्य संस्था, खानेपानी, विद्यालय तथा सुरक्षित आवास प्राथमिकतामा पर्नु पर्छ । त्यसपछि उत्पादन र बजारलाई जोड्ने सडक तथा पुल, विद्युत् प्रसारण संरचना, व्यापारिक मार्ग र अन्य महत्वपूर्ण आर्थिक पूर्वाधार पुनः सञ्चालन गर्नु पर्छ । पुनर्निर्माणको प्राथमिकता राजनीतिक पहुँच वा तत्काल देखिने लोकप्रियताका आधारमा होइन, सामाजिक तथा आर्थिक प्रतिफलका आधारमा निर्धारण हुनु पर्छ । कुन परियोजनाले कति नागरिकलाई लाभ पुर्‍याउँछ, कति आर्थिक गतिविधि पुनः सञ्चालन हुन्छ र भविष्यको जोखिम कति घटाउँछ भन्ने आधारमा लगानीको क्रम निर्धारण गरिनु पर्छ । कुनै सडक भत्किँदा त्यसको मर्मत खर्च मात्र क्षति हुँदैन । किसानको उत्पादन बजार पुग्न नसक्नु, उद्योगको कच्चा पदार्थ रोकिनु, श्रमिकको रोजगारी गुम्नु, पर्यटकको आवागमन प्रभावित हुनु र सरकारको राजस्व घट्नु पनि त्यसैको आर्थिक मूल्य हो । त्यसैले विपत्तिको क्षति मूल्याङ्कन गर्दा प्रत्यक्ष क्षतिसँगै अप्रत्यक्ष र अवसरगत क्षतिको समेत गणना आवश्यक हुन्छ ।

पुनर्निर्माणमा आर्थिक अवसर

विपत्ति सङ्कट हो तर विवेकपूर्ण पुनर्निर्माणले अर्थतन्त्रलाई पुनः गतिशील बनाउने अवसर पनि दिन सक्छ । सडक, पुल, आवास, विद्युत् तथा सार्वजनिक संरचनाको पुनर्निर्माणले निर्माण सामग्री, ढुवानी, श्रम, प्राविधिक सेवा र वित्तीय सेवाको माग बढाउँछ । यसले रोजगारी सिर्जना गर्न र बजारमा आर्थिक गतिविधि बढाउन सक्छ । स्थानीय स्रोत, श्रम र सिपको प्रयोगलाई प्राथमिकता दिइयो भने पुनर्निर्माणको प्रतिफल स्थानीय अर्थतन्त्रमै बढी रहन सक्छ । यसले प्रभावित परिवारलाई सहायता पाउने मात्र होइन, आफ्नै क्षेत्रमा आय आर्जन गर्ने अवसरसमेत दिन्छ तर पुनर्निर्माणको खर्च उत्पादनशील क्षेत्रमा पुग्नु पर्छ । राजनीतिक दबाब, पहुँच वा तत्काल लोकप्रियताका आधारमा परियोजना छनोट गर्ने हो भने ठुलो सार्वजनिक खर्च भए पनि त्यसको दीर्घकालीन आर्थिक प्रतिफल कमजोर हुन सक्छ ।

सुरक्षित पूर्वाधारको नयाँ सोच

हालका विपत्तिले नेपालको पूर्वाधार निर्माणको पुरानो शैलीमाथि गम्भीर प्रश्न उठाएका छन् । विगतमा जहाँ बाढी आएको थियो, त्यही आधारमा मात्र भविष्यको संरचना निर्माण गर्ने सोच अब पर्याप्त हुँदैन । जलवायु परिवर्तन, हिमाली भूगोल, नदीको बदलिँदो बहाब, बाढी, पहिरो तथा अन्य प्राकृतिक जोखिमलाई पूर्वाधार योजनाको सुरुदेखि नै समेट्नु पर्छ । भत्किएको संरचना जस्ताको तस्तै बनाउनु पुनर्निर्माण होइन । भविष्यको जोखिमलाई ध्यानमा राखेर अझ सुरक्षित र टिकाउ संरचना निर्माण गर्नु वास्तविक पुनर्निर्माण हो । यसका लागि भूगर्भीय अध्ययन, वातावरणीय मूल्याङ्कन र जोखिम नक्साङ्कनलाई औपचारिक प्रक्रियाका रूपमा मात्र होइन; निर्णयका आधारका रूपमा प्रयोग गर्नु पर्छ । विशेष गरी जलविद्युत् आयोजनाका हकमा जोखिम मूल्याङ्कनलाई अझ गम्भीर बनाउनु पर्छ । नेपालले जलविद्युत्लाई आर्थिक विकासको प्रमुख आधार बनाउने हो भने आयोजना निर्माणपूर्व बाढी, पहिरो, हिमताल तथा हिमनदीजन्य जोखिमको पर्याप्त अध्ययन आवश्यक छ । सञ्चालनमा रहेका आयोजनाको पनि समयानुकूल जोखिम परीक्षण हुनु पर्छ । जलविद्युत् नेपालको आर्थिक मेरुदण्ड बन्ने हो भने त्यो विपत्तिसँग जुध्न सक्ने मेरुदण्ड पनि हुनु पर्छ ।

निजी क्षेत्रलाई भरोसा

विपत्तिको असर निजी क्षेत्रमा पनि तत्काल पर्छ । सडक बन्द हुँदा कच्चा पदार्थको आपूर्ति रोकिन्छ, उत्पादन घट्छ, बजारसम्म वस्तु पुग्न सक्दैन र व्यवसायको नगद प्रवाहमा समस्या आउँछ । यसले बैङ्कको ऋण भुक्तानी र रोजगारीमा समेत असर पार्न सक्छ । यस्तो अवस्थामा निजी क्षेत्रलाई बेवास्ता गरेर आर्थिक पुनरुत्थान सम्भव हुँदैन । उत्पादनशील उद्योग तथा व्यवसाय सञ्चालनमा आउन सकेनन् भने रोजगारी, राजस्व र आपूर्ति प्रणाली सबै प्रभावित हुन्छन् । त्यसैले वास्तविक क्षति भएका उत्पादनशील उद्योग तथा व्यवसायलक्षित कर्जा पुनर्संरचना, ब्याज सहुलियत, बिमा दाबीको शीघ्र भुक्तानी र आवश्यक कर सुविधा उपलब्ध गराउनु पर्छ । सरकारले निजी क्षेत्रलाई केवल राहतको प्राप्तकर्ता होइन, आर्थिक पुनरुत्थानको साझेदारका रूपमा हेर्नु पर्छ ।

पुनर्निर्माणको वित्तीय आधार

ठूलो विपत्तिपछिको पुनर्निर्माण नियमित बजेटबाट मात्र सम्भव नहुन सक्छ । त्यसैले विकास साझेदार, जलवायु वित्त, अनुदान, सहुलियतपूर्ण ऋण, बिमा तथा निजी पुँजीलाई समन्वित रूपमा परिचालन गर्न आवश्यक छ । जलवायु परिवर्तनको असमान प्रभाव भोगिरहेका हिमाली मुलुकका रूपमा नेपालले अन्तर्राष्ट्रिय समुदायसँग सहयोग माग्दा जलवायु न्यायको विषयलाई प्रभावकारी रूपमा उठाउनु पर्छ तर बाह्य सहयोग प्राप्त गर्नु मात्र उपलब्धि होइन । प्राप्त स्रोत पारदर्शी, जवाफदेही र उत्पादनशील ढङ्गले उपयोग गर्नु त्यत्तिकै महत्वपूर्ण छ । हरेक विपत्तिपछि विकास बजेट काटेर राहत व्यवस्थापन गर्ने परम्परा अन्त्य गर्न पनि स्थायी वित्तीय संयन्त्र आवश्यक छ । विपत् कोषसँगै आकस्मिक वित्तीय स्रोत, बिमा, पुनर्बिमा तथा अन्य जोखिम व्यवस्थापनका उपायलाई संस्थागत गर्नु पर्छ । यसका साथै विपत्तिपूर्व नै जोखिमको आर्थिक मूल्याङ्कन र सम्भावित क्षतिको वित्तीय योजना तयार गर्ने अभ्यास आवश्यक छ । यसो गर्न सकेमा विपत्ति आएपछि राज्यले स्रोत जुटाउन हतारिनुपर्ने अवस्था कम हुन्छ ।

अबको परीक्षा

विपत्तिपछिको सरकारको सफलता कति रकम बाँडियो भन्ने आधारमा मात्र मापन गरिनु हुँदैन । कति परिवार सुरक्षित रूपमा पुनर्स्थापित भए, कति मानिस रोजगारीमा फर्किए, कति उत्पादन पुनः सञ्चालन भयो, कति व्यापारिक मार्ग खुले र अर्थतन्त्र कति छिटो सामान्य अवस्थामा फर्कियो भन्ने आधारमा सरकारको कार्यसम्पादन मूल्याङ्कन हुनु पर्छ । पुनरुत्थानको नीति राहत वितरणमा मात्र केन्द्रित हुनु हुँदैन । उत्पादन, रोजगारी, निजी लगानी, स्थानीय अर्थतन्त्र, सार्वजनिक वित्त र भविष्यको जोखिम व्यवस्थापनलाई एउटै ढाँचामा समेट्नु पर्छ । विपत्तिपछिको आर्थिक नीतिको मूल सूत्र यही हुनु पर्छ- राहतमा मानवीयता, पुनर्निर्माणमा विवेक, लगानीमा प्राथमिकता, वित्त व्यवस्थापनमा अनुशासन र भविष्यका विपत्तिसँग जुध्ने क्षमता । विपत्तिले नेपालको भौतिक संरचनामा क्षति पुर्‍याए पनि सोचमा क्षति पुग्न दिनु हुँदैन । पुरानै संरचना जस्ताको तस्तै उठाउने कि अझ सुरक्षित, उत्पादनशील र दिगो अर्थतन्त्र निर्माण गर्ने ? निर्णय गर्ने समय यही हो । लोकप्रिय निर्णयले तत्काल ताली पाउन सक्छ । विवेकपूर्ण आर्थिक नीतिले भने भविष्य निर्माण गर्छ । नेपाललाई अहिले ताली होइन, भविष्य चाहिएको छ । **साभारः गोरखापत्र**

# जानकी मन्दिरलाई विश्वसम्पदामा लैजाने तयारी

जनकपुरधाम, १६ असोज/जानकी मन्दिरलाई युनेस्कोको विश्व सांस्कृतिक सम्पदा सूचीमा सूचीकृत गराउने तयारीसँगै मन्दिरआसपासका ऐतिहासिक तथा धार्मिक सम्पदाको पहिचान, अभिलेखीकरण र संरक्षणलाई व्यवस्थित बनाउने पहल थालिएको छ ।

नेपाल सरकारले गत भदौ १३ गते बसेको मन्त्रीपरिषद् बैठकबाट जानकी मन्दिरसहितको क्षेत्रलाई सरकारले संरक्षित स्मारक क्षेत्र घोषणा गरेपछि त्यसको प्रभावकारी कार्यान्वयनलाई प्राथमिकतामा राख्दै विश्वसम्पदा सूचीमा सूचीकृत गराउने प्रक्रिया अघि बढाउन लागिएको हो ।

बुधबार जनकपुरधाम उपमहानगरपालिकाले बोलाएको बैठकमा सरोकारवालाले मन्दिरसहितको क्षेत्रलाई संरक्षित स्मारक क्षेत्रका रूपमा प्रभावकारी बनाउन बताउँदै जानकी मन्दिरको ऐतिहासिक तथा धार्मिक पहिचानलाई थप स्थापित गर्दै संरक्षण, संवर्धन र विश्वसम्पदा सूचीमा सूचीकृत गर्ने प्रक्रियालाई अघि बढाउने विषयमा आवश्यक पहल गर्ने निर्णय गरेको छ ।

छलफलमा जनकपुरधाम



उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले जानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा समावेश गराउन आवश्यक प्रक्रिया अघि बढाउने उद्देश्यले प्रारम्भिक प्रतिवेदन तयार गरिएको बताउनुभयो । प्रतिवेदनमाथि स्थानीय समाजका अगुवा, विज्ञ तथा सरोकारवालासँग सुझाव लिएर अन्तिम रूप दिने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार अन्तिम प्रतिवेदन तयार भएपछि आवश्यक प्रक्रियाका लागि युनेस्कोमा पेस गर्ने योजनासहित प्रतिवेदन तयार पार्न नगरप्रमुखको संयोजकत्वमा समिति गठन गरिएको छ । समितिमा सङ्घ सरकारका सहसचिव, प्रदेश मन्त्रालयका सचिव, उपप्रमुख, प्रमुख जिल्ला अधिकारी, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का प्रतिनिधि तथा सम्बन्धित वडाका अध्यक्ष रहेका छन् ।"

जानकी मन्दिरलाई विश्वसम्पदामा लैजाने अभियानमा समेत लागेका डा. रामबाबु ढकालले संरक्षित क्षेत्रको चार किल्लाभित्र रहेका मठमन्दिर, पोखरी, सरोवरलगायत ऐतिहासिक तथा पुरातात्विक महोत्सवका स्थलको सर्वेक्षण गर्नुपर्ने बताउनुभयो । उहाँले संरक्षण क्षेत्र घोषणा गर्नु प्रारम्भिक कदम मात्र भएकाले क्षेत्रभित्र रहेका सम्पदाको अवस्था पहिचान गरी अभिलेखीकरण, संरक्षण र व्यवस्थापनको कामलाई एकीकृत रूपमा अघि बढाउन आवश्यक रहेको औँल्याउनुभयो ।

छलफलमा मन्दिरको निर्माण शैली, ऐतिहासिक पृष्ठभूमि, धार्मिक परम्परा तथा जनकपुरधामसँग जोडिएको सांस्कृतिक पक्षलाई व्यवस्थित रूपमा अभिलेखमा समेट्नुपर्ने विषय समेत उठाइएको थियो । साथै 'रामजानकी मन्दिर' को नाम संशोधन गरी 'जानकी मन्दिर' कायम गरेर सम्बन्धित निकायमा पठाउने निर्णयसमेत सो बैठकमा गरिएको थियो । छलफलमा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेल, जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णव, राम मन्दिरका महन्त राम गिरी, सम्बन्धित वडामा अध्यक्ष तथा स्थानीय सरोकारवालासमेतको सहभागिता रहेको थियो ।

## बारामा एक सय ५५ किलो...

गर्दा कारभित्र रातो प्लास्टिकले बेरी लुकाइछिपाई राखेको अवस्थामा एक सय ५५ किलो ६३५ ग्राम गाँजा बरामद भएको हो ।

बरामद लागूऔषध गाँजा, कार र चालकलाई इलाका प्रहरी कार्यालय सिमरामा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## चोरी आरोपमा जीतपुर...

इलाका प्रहरी कार्यालय जीतपुरमा राखिएको छ ।

प्रहरीले किशोरको घटनामा संलग्नता तथा उनको साथबाट बरामद नगद र सामग्रीको स्रोतबारे थप अनुसन्धान भइरहेको जनाएको छ । किशोरको संलग्नता पुष्टि हुन भने अनुसन्धान तथा कानुनी प्रक्रिया पूरा हुन बाँकी रहेको प्रहरीले जनाएको छ ।

## घरको छानामा हाल्ने...

जीर्ण घरका छानासमेत क्रमश: फेर्ने योजना रहेको उहाँले बताउनुभयो ।

लामो समयदेखि चुहिने छानामुनि बस्दै आएका विपन्न परिवारका लागि नयाँ जस्तापाता सामान्य भौतिक सुधार मात्र नभई वर्षायाममा सुरक्षित रूपमा बस्न पाउने ठूलो आधार बनेको बस्तीका ज्येष्ठ नागरिक जयनन्दन रायको भनाइ छ ।

## सर्लाहीको बागमती...

बाँसबारीमा अप्रेसनको तयारी भइरहेका बेला निधन भएको हो ।

केही दिनदेखि ज्वरो आएपछि कोठामै आराम गरिरहेको अवस्थामा शुक्रबार बिहान मोक्तानको निधन भएको जानकारी प्राप्त भएको बागमती नगरपालिका( २ का वडाध्यक्ष टेकबहादुर बलले जानकारी दिनुभयो ।

२०७९ को स्थानीय तह निर्वाचनमा मोक्तान तत्कालिन नेकपा माओवादी केन्द्रबाट वडाध्यक्षमा निर्वाचित हुनुभएको थियो ।

# निर्वाचन प्रहरीको पोशाक खरिदबारे छानबिन गर्न संसदीय उपसमिति गठन

काठमाण्डौ १६ असोज/ प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले निर्वाचन प्रहरी (म्यादी प्रहरी) को पोशाक खरिदबारे अध्ययन गर्न उपसमिति गठन गरेको छ ।

लेखा समितिको आज बसेको बैठकले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद मनिष झाको नेतृत्वमा ९ सदस्यीय समिति गठन गरेको हो । समितिमा सांसदहरू ऐन महर, योगेश गौचन थकाली, आरेन राई, खगेन्द्र सुनार, खुश्बु ओली, रमेशकुमार मल्ल, गणेश धिमाल र महेन्द्रबहादुर शाही सदस्य हुनुहुन्छ । उपसमितिलाई दुई महिनाको समय सीमा दिइएको छ ।

गएको फागुनमा भएको चुनावका लागि नेपाल प्रहरीले माघमा निर्वाचन प्रहरीका लागि पोशाक खरिद गरेको थियो । त्यस क्रममा अनियमितता भएको दाबी गर्दै सांसद खगेन्द्र सुनारले निरन्तर प्रश्न उठाउँदै आउनुभएको छ

आजको बैठकमा पनि सांसद सुनारले आईजीपी दानबहादुर कार्कीमाथि छानबिन गर्न माग गर्नुभएको थियो ।

## यस वर्षको मनसुन बाहिरिने चरणमा

काठमाण्डौं १६ असोज/यस वर्षको मनसुन बाहिरिने चरणमा पुगेको छ ।

तर कहिलेदेखि बाहिरिन्छ भनेर ठ्याक्कै भन्न नसकिने मौसमविद्को भनाइ छ । मनसुन बाहिरिने औसत मिति आज अक्टोबर २ तारिख हो । अब बिस्तारै पश्चिमी क्षेत्रबाट मनसुन हट्न थाल्ने अनुमान छ ।

मौसमविद्का अनुसार मनसुन देशभरबाट एकैपटक बाहिरिँदैन । यो पश्चिमी भागबाट क्रमश: हट्दै पूर्वी भागबाट बाहिरिन्छ । नेपालमा मनसुन भित्रिने औसत मिति जुन १३ तारिख अर्थात जेठ अन्तिम हप्ता हो ।

यस वर्ष मनसुन यो मितिभन्दा ६ दिन ढिला असार ५ गते कोशी प्रदेशबाट प्रवेश गरेको थियो र क्रमश: फैलिँदै असार १६ गते देशभर पुगेको थियो ।

## रौतहटको कटहरियामा...

दिनुभयो ।

प्रहरीका अनुसार बुधबार बिहान द ड्रीम एकेडेमीमा अध्ययनरत आफ्ना दाजुलाई टिफिन पुर्‍याउन पुगेकी बालिकालाई यादवले विद्यालय परिसरबाट बाहिर बोलाएर नजिकैको खाली छाप्रोमा लगेको आरोप छ । त्यहाँ बालिकामाथि जबरजस्ती करणीको प्रयास गरिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

बालिका त्यहाँबाट उम्किएर घर पुगेपछि आमालाई घटनाबारे जानकारी गराएकी थिइन् । परिवारले विद्यालय प्रशासनलाई घटनाबारे जानकारी गराएपछि घटना सार्वजनिक नगर्न दबाब दिएको आरोपसमेत लगाएको छ । उक्त विषयमा पनि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

घटनापछि प्रहरीले विद्यालय परिसर र घटनास्थलको निरीक्षण गर्नुका साथै सीसीटीभी फुटेज जाँच गरेको थियो । फुटेजमा यादवले बालिकालाई छाप्रोतर्फ लैजाँदै गरेको देखिएको प्रहरीको भनाइ छ । बालिकाको स्वास्थ्य परीक्षण भइसकेको र घटनाबारे थप अनुसन्धान जारी रहेको डीएसपी आचार्यले बताउनुभयो ।

## सन्तानप्रति समर्पित...

व्रतको अघिल्लो दिन बेलुका व्रताल‌ु महिलाले विभिन्न प्रकारका खाना, दही, मिठाइ, माछा, कोदोको रोटी अनिवार्य रूपमा खाने चलन छ । भोलिपल्ट बिहान ३ देखि ४ बजे व्रतालुले आँगनमा घिरौलाको पातमा पितृ तथा जिमुतवाहनलाई दही, चिउरा,चिनी, केरा, मिठाइ, पान, सुपारी चढाउने गर्छन् ।

व्रत लिएको दिन बेलुकी जतिजना छोरा छन्, त्यति वटा नरिवल, फलफूललगायत पूजाका सामग्री राखेर डाली भर्छन् । डालीलाई छोराले मानको पातले छोपिदिन्छ । व्रतको समय सकेपछि घरमा भएको छोरा, नातिले डाली खोल्ने गर्छन् । डालीबाट प्रसाद झिकेर पुन: पितृ र जिमुतवाहनलाई चढाई सबैलाई बाँडेर दिएपछि व्रतालु महिलाले पानी पिउने र अन्य खानेकुरा खाने चलन छ ।

व्रत लिइसकेपछि व्रतालुको स्वास्थ्यमा जतिसुकै ठुलो समस्या आए पनि व्रत तोड्दैनन् । स्वास्थ्यमा समस्या रहेको बिरामीबाहेक छोरा भएका सबै आमाले छोराको दीर्घायु र सुस्वास्थ्यका लागि अनिवार्य व्रत लिँदै आएका छन् ।

सन्तान जन्मिनुअघि व्रत सुरु गरेकी गर्भवती भएपछि पनि व्रत बस्नैपर्ने हुन्छ । यस्तो भएपछि २४ घण्टा होस् वा ३६ घण्टा, व्रत बस्दा कुनै जटिल समस्या आइपर्ला कि भन्ने डर व्रतालुमा रहन्छ । व्रत बसेन भने सन्तानलाई केही भइदेला कि भन्ने डर पनि उत्तिकै रहन्छ । पानी नखाई व्रत बस्न समस्या भएपछि स्लाइन पानी चढाएर पनि व्रत बस्नुपर्ने बाध्यता रहेको छ ।

यो व्रतमा डाली छोप्ने वा खोल्ने काम छोरा, नाति, श्रीमान्ले गर्ने, उनीहरू नभएका बेला छोरी, नातिनी घरमा भए पनि नातेदार वा छिमेकीको छोरा मान्छेलाई बोलाएर भएपनि डाली खोल्न लगाउने तर छोरी, नातिनीलाई अधिकांश परिवारमा खोल्न लगाइँदैन ।

यस व्रतले आपसी सद्भाव कायम गर्नुका साथै मनोरञ्जन पनि प्रदान गरेको छ । महिलाले आफूभित्र भएको क्षमता प्रस्तुत गर्ने अवसर पनि पाउन थालेका छन् । आफन्त, साथी र छिमेकी मिलेर जितियाको सामूहिक दर खाने चलन सुरु भएको छ ।

वर्ष दिनदेखि भेटघाट हुन नसकेका साथीसङ्गी, आफन्त एक आपसमा भेटघाट गरेर शुभकामना आदानप्रदान गर्ने, सामूहिक रूपमा मीठो मसिनो खाने प्रचलन बढेपछि एक अर्काबीच सम्बन्ध सुमधुर बनाउन सहयोग मिलेको छ ।

जितियासम्बन्धी गीत, कथालगायत महिलामा भएको प्रतिभा प्रस्तुत गर्ने अवसर सामूहिक कार्यक्रममा जुट्न थालेको छ । कम खर्चमा हुने धार्मिक दृष्टिले एकदमै महत्त्व बोकेको व्रतका रूपमा पनि यसलाई लिन सकिन्छ । जियल, बाँसर घिरौँलाका पात अनिवार्य चढाइने हुनाले प्रकृति र पर्यावरण रक्षा गर्नुपर्छ भन्ने सन्देशसमेत यस व्रतले दिँदै आएको छ ।

सोह्रश्राद्ध सुरु भएकै अवधिमा यो व्रत गर्नुपर्ने चलन रहेकाले यस व्रतमा छोरी, बुहारी सबैले पितृलाई सम्मान गरेको पाइन्छ । छोराले मात्र सोह्रश्राद्धमा पितृको श्राद्ध गर्ने प्रचलनमा सकारात्मक परिवर्तन गर्दै कतैकतै छोरीले सुरु गरे पनि यो व्रतमा त सदियौँदेखि महिलाले पनि पितृलाई पानी दिने, प्रसादी चढाउने परम्पराले पितृप्रति महिलालाई सुरुदेखि नै जिम्मेवार बनाएको छ । यस्ता पक्षलाई यो व्रतको एकदमै सकारात्मक रूपमा महिलाले लिएका छन् ।





# जीतपुरसिमरामा महिनावारी स्वच्छतासम्बन्धी सचेतना कार्यक्रम सम्पन्न




सिमरा, १६ असोज/बाराको जीतपुरसिमरा उपमहानगरपालिका( ९ स्थित छातापिपरामा किशोरीहरूका लागि एकदिने महिनावारी स्वच्छतासम्बन्धी शैक्षिक तथा सचेतनामूलक कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ।

इनरव्हील क्लब अफ वीरगञ्जको आयोजना तथा 'लुमन्ती' (सपोर्ट ग्रुप फर सेल्टर) को समन्वयमा आयोजित उक्त कार्यक्रममा विद्यालय नजाने १२ देखि १९ वर्ष उमेर समूहका ६९ जना किशोरीहरूको उपस्थिति रहेको थियो।

जीतपुरसिमरा उपमहानगरपालिका( ९ का वडा अध्यक्ष मोतीलालप्रसाद यादवको प्रमुख आतिथ्य तथा इनरव्हील क्लबकी अध्यक्ष डा. प्रीति गुप्ताको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सहभागी किशोरीहरूलाई निःशुल्क सेनेटरी प्याडसमेत वितरण गरिएको थियो।

कार्यक्रममा इनरव्हील क्लबकी सदस्य तथा स्वास्थ्यकर्मी रञ्जिता साहले महिनावारीका समयमा अपनाउनुपर्ने व्यक्तिगत सरसफाइ, सुरक्षित महिनावारी व्यवस्थापन तथा स्वास्थ्यका विविध पक्षबारे किशोरीहरूलाई सहजीकरण गर्नुभएको थियो।

कार्यक्रम पश्चात् सहभागी किशोरीहरूले महिनावारीका विषयमा समाजमा हुने संकोच हटाएर खुलेर कुरा गर्न तथा यस अवधिमा अपनाउनुपर्ने स्वास्थ्य र सरसफाइका उपायबारे व्यावहारिक जानकारी पाउन यो कार्यक्रम अत्यन्तै उपयोगी साबित भएको प्रतिक्रिया दिनुभयो।

आयोजक पक्षले महिनावारीलाई केवल स्वास्थ्य र सरसफाइको विषयमा मात्र सीमित नराखी किशोरीहरूको शिक्षा, आत्मसम्मान र सामाजिक सहभागितासँग जोडेर हेर्नुपर्नेमा जोड दिएका छन्। यस्ता सचेतनामूलक अभियानले किशोरीहरूलाई आवश्यक स्वास्थ्य सामग्रीका साथै महिनावारीसम्बन्धी सही र वैज्ञानिक जानकारी प्राप्त गर्न ठूलो सहयोग पुग्ने विश्वास आयोजकहरूले व्यक्त गरेका छन्।

# सिरहामा टिपरको ठक्करबाट यात्रुवाहक ईभी गाडी दुर्घटना : एक जनाको मृत्यु, पाँच घाइते




सिरहा, १६ असोज/सिरहाको कर्जन्हा नगरपालिका( ४ भुल्केमा शुक्रबार टिपरको ठक्करबाट यात्रुवाहक विद्युतीय (ईभी) गाडी दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन्।

मृत्यु हुनेमा गोलबजार नगरपालिका( ४ की करिब ४५ वर्षीया शोभाकुमारी यादव रहेकी छन्।

पूर्वपश्चिम महेन्द्र राजमार्गअन्तर्गत पूर्वबाट पश्चिमतर्फ गइरहेको म.प्र.०१(००१ ज. ०१२४ नम्बरको ईभी गाडीलाई विपरीत दिशाबाट आइरहेको म.प्र.०३(००२ ख. ३९९६ नम्बरको टिपरले ठक्कर दिदाँ दुर्घटना भएको हो।

दुर्घटनामा गम्भीर घाइते भएकी शोभाको कर्जन्हास्थित फूलकुमारी महतो मेमोरियल अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी रमेशबहादुर पालले जानकारी दिनुभयो। मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल सिरहामा राखिएको छ।

दुर्घटनामा परेर घाइते भएका अन्य पाँच जनामध्ये दुई जनाको अवस्था गम्भीर छ। गम्भीर घाइते २२ वर्षीया प्रियंका यादवलाई थप उपचारका लागि हेलिकोप्टरमार्फत काठमाडौंस्थित मेडिसिटी अस्पताल लगिएको छ भने अर्की गम्भीर घाइते गोलबजार( ६ की ४५ वर्षीया ललिता महतोलाई विराटनगर रिफर गरिएको छ।

यसैगरी ईभी चालक धनगढीमाई( २ का ३५ वर्षीय मन्जुर खान तथा गोलबजार(४ का संगीता मण्डल र फुलकुमारी यादव मध्यम घाइते भएका छन्। उनीहरूको फूलकुमारी महतो मेमोरियल अस्पतालमै उपचार भइरहेको प्रहरीले जनाएको छ।

पारिवारिक स्रोतका अनुसार उनीहरू सबै जितिया पर्वका व्रतालु थिए र 'नहाए खाए' को दिन परेकाले कमला नदीमा स्नान गरेर फर्किने क्रममा दुर्घटनामा परेका हुन्। ठक्कर दिने टिपर र त्यसका चालकलाई प्रहरीले नियन्त्रणमा लिई घटनाबारे थप अनुसन्धान अघि बढाएको छ।

# घरको छानामा हाल्ने जस्तापाता पाएपछि सुकुम्बासी परिवारमा खुसियाली



रौतहट, १६ असोज/वर्षौंदेखि जीर्ण छानामुनि बस्दै आएका रौतहटको चन्द्रपुर नगरपालिका( १ मङ्गलपुरस्थित सुकुम्बासी बस्तीका बासिन्दा घरमा नयाँ जस्तापाता लाग्न थालेपछि खुसी भएका छन्।

२०५० सालको बाढीबाट विस्थापित जिल्लाका बाढीपीडित परिवारलाई पुनर्वासका लागि ताइवान सरकारको सहयोगमा निर्माण गरिएको उक्त बस्तीका घरका छाना जीर्ण भएर वर्षायाममा पानी चुहिने समस्या थियो। चन्द्रपुर नगरपालिकाले जीर्ण छाना फेरेर नयाँ जस्तापाता लगाउन थालेपछि बस्तीका बासिन्दामा खुसी छाएको हो।

स्थानीय मिना परियारले करिब ३३ वर्षअघि निर्माण गरिएका घरका जस्तापाता जीर्ण भएर वर्षायाममा पानी चुहिँदा खाद्यान्न, लत्ताकपडा तथा अन्य सामग्री भिज्ने गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "वर्षायाममा घरभित्र पानी चुहिने भएकाले बस्न र सुत्नसमेत समस्या हुँदै आएको थियो। अहिले पालिकाले नयाँ जस्तापाता लगाउन थालेपछि बस्तीका नागरिक खुसी भएका छन्।"

करिब तीन सय घरधुरी रहेको उक्त बस्तीमा नगरपालिकाले पहिलो चरणमा ५० घरको जीर्ण छाना फेरेर नयाँ जस्तापाता लगाउने काम सुरु गरेको छ। बस्तीका कतिपय परिवारले पक्की घरसमेत निर्माण गरिसकेकाले करिब एक सय ५० घरधुरीमा नयाँ जस्तापाता लगाएपछि समस्या समाधान हुने नगर प्रमुख सञ्जयकुमार काफ्लेले जानकारी दिनुभयो।

"सुरक्षित आवास नागरिकको आधारभूत आवश्यकता भएकाले जीर्ण छानाका कारण वर्षायाममा समस्या भोग्दै आएका परिवारलाई लक्षित गरी छाना फेर्न लागिएको हो," उहाँले भन्नुभयो, "गाँस, बास र कपास नागरिकका आधारभूत आवश्यकता हुन्। स्थानीय सरकार नागरिकलाई सुरक्षित आवासको अनुभूति गराउनेतर्फ केन्द्रित छ।"

चन्द्रपुर नगरपालिका( १ का वडाध्यक्ष बलराम राउतका अनुसार बस्तीमा रहेका पुराना छाना जीर्ण भएकाले पहिलो चरणमा ५० घरधुरीको छाना फेर्न लागिएको हो। आवश्यकता र स्रोतको उपलब्धताका आधारमा अन्य

बाँकी तेश्रो पेजमा

# सन्तानप्रति समर्पित तराई-मधेशमा जितिया व्रत सुरु



सप्तरी, १६ असोज/जितिया पावनी बड भारी
धिया पुताक ठोकी सुताबै
अपना खायब भरि थारी ॥

हाम्रो देशमा बसोबास गर्ने विभिन्न जातजाति समुदायले विभिन्न चाडपर्व रीतिरिवाज र संस्कृति मनाउँदै आएका छन्। चाडपर्व र संस्कृतिले हामीलाई विश्वमा चिनाएको छ। मधेशको संस्कृति चाडपर्व, रीतिरिवाजको पनि छुट्टै महत्त्व र विशेषता रहेको छ। तराई(मधेसमा मनाइने चाडपर्वमध्ये जितिया एक हो। यो व्रत सन्तान प्राप्ति तथा सन्तानको दीर्घायु र सुस्वास्थ्य र सन्तानप्रतिको ममतासँग जोडिएको कठोर व्रत हो। यो व्रत परापूर्वकालदेखि तराई मधेशका महिलाले गर्दै आएका छन्। यो व्रत थारू समुदायले पनि उत्तिकै महत्त्वका साथ गर्दै आइरहेका छन्।

यस वर्ष आज षष्टि तिथिदेखि तराई(मधेश महिलाले यो व्रत विधिवत् सुरू गरेका छन्। आज पोखरी वा तलाउमा गएर नुहाएर विधिवत् व्रतको प्रक्रिया सुरू गर्ने र शनिबार सप्तमा तिथिको दिन निराधार पानी पनि नखाई व्रत बस्ने छन्।

यस व्रतको अघिल्लो दिन महिला बिहानै उठेर घर आँगन लिपपोत गरेर चोखो पार्छन्। पिना, तेल, घिरौलाको पात, जियलको पात, बाँसको पात, नयाँ लुगा बोकेर महिला समूहमा पोखरी, नदि वा जलाशय गएर र पिनाले नुहाउँछन्। नयाँ लुगा लगाएर पितृ तथा 'जिमुतवाहन' देवतालाई पिना, तेल चढाउने गर्छन्।

व्रतको पहिलो दिन अष्टमीको तिथिको दिन व्रतालु महिलाले नदी, पोखरी वा तलाउमा स्नान गरी सूर्य देवतालाई तोरीको तेल र पिनाको अर्घ दिएर व्रतको सङ्कल्प लिन्छन्। व्रतालुले दिवङ्गत हजुरआमा सासूआमालगायत तीन पुस्ताभित्रको नाता पर्ने पितृ महिलालाई तर्पण दिने चलन छ। यस व्रतलाई षोडष मातृका श्राद्ध पनि भन्ने गरेको राजविराज नगरपालिका(२ का ७५ वर्षीया शम्भु मिश्रले बताउनुभयो।

बाँकी तेश्रो पेजमा

# मुख्यमन्त्री यादवसमक्ष बालबालिकाको माग समेटिएको 'चिठ्ठी' हस्तान्तरण

जनकपुरधाम, १६ असोज/मधेश प्रदेशका बालबालिकाका सवाल, आवश्यकता र सुझावलाई नीतिगत तहसम्म पुऱ्याउने उद्देश्यले मुख्यमन्त्री कृष्णप्रसाद यादवसमक्ष बालबालिकाका माग तथा सुझाव समेटिएको 'बालबालिकाको चिी' हस्तान्तरण गरिएको छ।

सेभ द चिल्ड्रेनसँगको साझेदारीमा सामुदायिक विकास तथा पैरवी मञ्च नेपालद्वारा सञ्चालित समुन्नति कार्यक्रमअन्तर्गतको एसएचआईएफटी अभियानमार्फत बालविवाह अन्त्य तथा बालअधिकार प्रवर्द्धनका युथ फर चेन्जका युवा प्रतिनिधिहरूले चिी सहितको बाकस बुझाएका हुन्।

महोत्तरी जिल्लाका एक सयभन्दा बढी बालबालिकाले लेखेको चिीमासहितो पेटिकामा शिक्षा, स्वास्थ्य, खेलकुद, पूर्वाधार तथा सुरक्षित वातावरणसँग सम्बन्धित विभिन्न माग समेटिएका चिीहरू छन्।

आर्थिक रूपमा विपन्न तथा जेहेन्दार विद्यार्थीका लागि लक्षित छात्रवृत्ति र शैक्षिक सहयोगको व्यवस्था गर्न, विद्यालय तथा सार्वजनिक स्थानमा बालबालिका, किशोरी र अपाङ्गता भएका व्यक्तिमैत्री सुरक्षित तथा सुविधायुक्त शौचालय निर्माण, शैक्षिक सत्र सुरु हुनुअघि नै निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउनुपर्ने र विद्यालय तथा समुदायमा क्रिकेटलगायत खेलकुद सामग्रीको पहुँच बढाउनुपर्ने माग गरिएको छ।

बालबालिकाले सुरक्षित आवतजावतका लागि सडक निर्माण तथा स्तरोन्नति, वर्षायाममा हुने डुबान र पानी जम्ने समस्या समाधान गर्न व्यवस्थित नाली निर्माण तथा मर्मतसम्भार गर्न पनि आग्रह गरेका छन्। साथै विद्यालय तथा समुदायमा शिक्षा, खेलकुद, सुरक्षा, मनोरञ्जन र सर्वाङ्गीण विकासका लागि आवश्यक बालमैत्री पूर्वाधार निर्माणलाई प्राथमिकता दिनुपर्ने उनीहरूको माग छ। बालविवाह न्यूनीकरणसँगै बालबालिकाको समग्र विकासका लागि उनीहरूका आधारभूत आवश्यकता र अधिकारलाई प्रदेशको नीति तथा कार्यक्रममा प्राथमिकताका साथ समेट्नुपर्ने मागपत्रमा उल्लेख छ।

# सर्लाहीको बागमती नगरपालिका- ३ का वडाध्यक्षको निधन



सर्लाही, १६ असोज/सर्लाहीको बागमती नगरपालिका( ३, धरहराका वडाध्यक्ष तिलकबहादुर मोक्तानको निधन भएको छ।

मुटु रोगबाट पीडित ४७ वर्षीय मोक्तानको शुक्रबार बिहान काठमाडौंमा निधन भएको बागमती नगरपालिकाका कार्यवाहक नगरप्रमुख कृष्णकुमार लामाले बताउनुभयो। वडाध्यक्ष मोक्तान उपचारका लागि एक महिनाअघि काठमाडौं जानुभएको थियो।

उहाँको आगामी असोज २२ गते शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र

बाँकी तेश्रो पेजमा

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक :- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय :- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक :- के. एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज, पर्सा ०५१-५९१८७३